धनकुटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, धनकुटा

# छात्रवृत्तिमा अध्ययनका लागि आवेदन आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०२/११

धनकुटा नगरपालिकाबाट वितरण गरिएको गरिब घरधुरी परिचयपत्र प्राप्त एवम् भूमिहीन तथा गरिबीको सूचकाङ्कमा परेका परिवारहरूको आर्थिक तथा सामाजिक अवस्था सुधार गर्ने उद्देश्यले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) अन्तर्गतको आंगिक शिक्षालय उत्तरपानी बहुप्राविधिक शिक्षालयमा अध्ययन गर्न इच्छुक निम्न योग्यता भएका विद्यार्थीहरूलाई नेपाल सरकारबाट चालु आर्थिक वर्ष २०८२/०८३ मा प्राप्त विशेष अनुदान कार्यक्रम अन्तर्गत छात्रवृत्ति (एकमुष्ट) उपलब्ध गराइने भएकोले देहाय बमोजिम आवेदन दिन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

## १. अध्ययन गर्न सकिने बिषयको विवरण

| क्र.सं. | अध्ययन कार्यक्रम | अध्ययन अवधि |
|---|---|---|
| १ | प्रि-डिप्लोमा (पशुपालन) | १८ महिने |
| २ | डिप्लोमा (बाली विज्ञान) | ३ वर्षे |
| ३ | डिप्लोमा (पशु विज्ञान) | ३ वर्षे |

## २. आवेदन दिन सक्ने लक्षित समूह

देहायका परिवारका सदस्यहरूले आवेदन दिन सक्नेछन्:

- धनकुटा नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास गरी धनकुटा नगरपालिकाबाट वितरण गरिएको गरिब घरधुरी परिचयपत्र प्राप्त एकाघरका परिवार सदस्य (१ घरधुरीबाट १ जनाले मात्र छात्रवृत्ति प्राप्त गर्न सक्ने)
- भूमिहीन परिवार छनौटमा परेका परिवारका सदस्य

## ३. आवश्यक कागजातहरू

आवेदन फारामसाथ देहायका कागजात अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछः

१. धनकुटा नगरपालिकाबाट वितरण गरिएको गरिब घरधुरी परिचयपत्रको प्रतिलिपि
२. परिचय पत्र प्राप्त गर्ने घरमुलीसँग नाता खुल्ने सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
३. नेपाली नागरिकताको प्रमाणपत्र वा जन्मदर्ताको प्रतिलिपि
४. शैक्षिक योग्यताका प्रमाणपत्र तथा लब्धाङ्कपत्रहरूको प्रतिलिपि

दशरथ राई
प्रमुख प्रशासकीय अधिकृत

धनकुटा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनकुटा
२०७३

४. न्यूनतम शैक्षिक योग्यता

(क) १८ महिने प्रि-डिप्लोमा (पशुपालन)

देहायका योग्यता पुगेका व्यक्तिहरू आवेदन दिन योग्य हुनेछन्:

- २०७२ सालपछिको SEE/SLC उत्तीर्ण (जुनसुकै GPA वा ग्रेड)

  वा

- २०७२ सालअघिको SLC परीक्षामा सहभागी भएको

(ख) ३ वर्षे डिप्लोमा (बाली विज्ञान तथा पशु विज्ञान)

देहायका योग्यता पुगेका व्यक्तिहरू आवेदन दिन योग्य हुनेछन्:

- SEE/SLC वा सो सरह परीक्षा उत्तीर्ण गरी गणित, विज्ञान र अंग्रेजी विषयमध्ये कम्तीमा दुई विषयमा "C" ग्रेड र एक विषयमा न्यूनतम "D+" ग्रेड प्राप्त गरेको

  वा

- १८ महिने प्रि-डिप्लोमा वा सो सरह अध्ययनमा न्यूनतम ६८.३३ प्रतिशत अंक प्राप्त गरेको

५. सम्पर्क स्थान र समय

छात्रवृत्तिमा अध्ययन गर्न इच्छुक योग्य उम्मेदवारहरूले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयभित्र धनकुटा नगर कार्यपालिकाको कार्यालय, धनकुटामा सम्पर्क गरी आवेदन फाराम पेश गर्नुहुन अनुरोध छ ।

*थप जानकारी आवश्यक भएमा सम्पर्क नम्बर- ९८४२४८८७६६ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।*

दशरथ राई
प्रमुख प्रशासकीय अधिकृत